## साझेदारीमा कृषि उपज संकलन केन्द्र निर्माण कार्यक्रम संचालन मापदण्ड, २०७७

(मन्त्रीस्तरबाट स्वीकृत मिति २०७७/०६/०२)

**प्रस्तावनाः** उत्पादित कृषिवस्तुको संकलन र बिक्री वितरण कार्यलाई सहज बनाई कृषि उत्पादनको गुणस्तर कायम राख्न र उचित मूल्यमा खरिद बिक्री गरी व्यवसायिक कृषिमा संलग्न कृषकलाई प्रोत्साहनका लागि साझेदारीमा कृषि उपज संकलन केन्द्र निर्माण कार्यक्रम तथा कृषि उपज बजार पूर्वाधार निर्माण सम्बन्धि कार्यक्रम संचालन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

### १) प्राविधिक पक्ष

क) कृषि उपज संकलन तथा बिक्री केन्द्र स्थापनाका लागि तराईमा न्यूनतम ५ कठ्ठा र पहाडमा न्यूनतम २ रोपनी क्षेत्रफल भएको जग्गा हुनुपर्नेछ।

ख) यो कार्यक्रम व्यवसायिक रुपमा कृषि उपज उत्पादन हुने क्षेत्रमा वा आसपासको पायक पर्ने स्थान संचालन हुनुपर्नेछ।

ग) कृषि उपज संकलन केन्द्र तथा बजार स्थल निर्माणको गर्नको लागि प्राविधिकबाट बजारको विस्तृत डिजाईन र लागत तयार गरेको हुनुपर्नेछ ।

घ) कृषि उपज संकलन केन्द्र तथा बजार निर्माणको प्रस्ताव तयार गर्दा निर्माणमा साझेदार गर्ने संस्थाको नाम र ठेगाना, निर्माण स्थल, जग्गाको क्षेत्रफल, वार्षिक हुने अनुमानित कारोबार र लाभान्वित हुने कृषकहरु, व्यापारी तथा उपभोक्ता आदिलाई समेटेर तयार गर्नुपर्दछ ।

ङ) यो कार्यक्रम कृषि सहकारी संस्था, कृषक समुह, कृषि उपज बजार संचालक समितिसँगको साझेदारीमा संचालन हुनेछ ।

### २) आर्थिक पक्ष

स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही देहायका कार्यहरुमध्ये कुनै एक वा एक भन्दा बढी कार्यका लागि कुल लागतको बढीमा ९० प्रतिशतसम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

क) बजार सेड निर्माण, कम्पाउण्ड वाल तथा तारबार

ख) खानेपानी सुविधा, शौचालय, सूचना कक्ष, कार्यालय कोठा निर्माण

ग) भण्डारण कोठा, चिस्यान केन्द्र निर्माण

### ३) मूल्याङ्कनका आधारहरु

| क्र.सं. | मूल्याङ्कनमा आधारहरु | अंकभार |
|---|---|---|
| **१.** | **कृषि बजार निर्माण स्थलमा आवश्यक पूर्वाधारको उपलब्धता** | **१०** |
| क | सडक र बिजुलीको सुविधा भएको | १० |
| ख | सडक तथा बिजुलीको सुविधा पुर्याउन सकिने | ५ |
| **२.** | **निर्माण स्थलको जग्गा** | **१५** |
| क | पहाडमा ३ रोपनी भन्दा बढी वा तराईमा ८ कठ्ठा भन्दा बढी जग्गा आफ्नै स्वामित्वमा भएको | १५ |

(मन्त्रीस्तरबाट स्वीकृत मिति २०७७/०६/०२)

| | | |
|---|---|---|
| ख | पहाडमा २-३ रोपनी वा तराईमा ५-८ कठ्ठा जग्गा आफ्नै स्वामित्वमा भएको | १२ |
| ग | पहाडमा ३ रोपनी भन्दा बढी वा तराईमा ८ कठ्ठा भन्दा बढी जग्गा कम्तीमा १० बर्षका लागि लिजमा लिईएको | १० |
| घ | पहाडमा २-३ रोपनी वा तराईमा ५-८ कठ्ठा जग्गा कम्तीमा १० बर्षका लागि लिजमा लिईएको | ८ |
| **३.** | **कृषि बजार क्षेत्र नजिक वा आसपासमा कृषि उपजको व्यवसायिकता** | **२५** |
| क | मासिक ३०० मे.टन भन्दा बढी संकलन हुने | २५ |
| ख | मासिक १००- ३०० मे.टन संकलन हुने | २० |
| ग | मासिक १०० मे.टन भन्दा कम संकलन हुने | १० |
| **४.** | **अनुदानग्राहीको साझेदारी प्रतिशत** | **१०** |
| क | कुल लागतको १० प्रतिशत भएमा पाँच अंक र थप प्रति ५ प्रतिशत लागतको लागि १ अंकका दरले थप गरी अधिकतम १० अंक प्रदान गर्ने। | ५ |
| **५.** | **कृषि उपज संकलन वा संचय हुनसक्ने अवस्था** | **१५** |
| क | वर्षभरी नियमित संकलन वा संचय हुने | १५ |
| ख | ६-८ महिना संकलन वा संचय हुने | १० |
| ग | न्यून मात्रामा संचय हुन सक्ने देखिएको | ५ |
| **६.** | **लाभान्वित कृषक घरधुरी** | **१५** |
| क | ५० भन्दा बढी कृषक घरधुरी | १५ |
| ख | २०-५० कृषक घरधुरी | १० |
| ग | २० भन्दा कम कृषक घरधुरी | ५ |
| | **जम्मा** | ९० |

**४) प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा १६ को उपदफा ३ बमोजिमका कागजपत्रहरु

ख) समूह/सहकारीको बैठक निर्णय प्रतिलिपि,

ग) प्रस्तावित निर्माण स्थलको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करार/लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा १५ बर्षको लागि प्रचलित कानून बमोजिम भएको करार सम्झौताको प्रतिलिपि,

घ) रु. ५० लाख भन्दा बढी लागत लाग्ने निर्माण कार्यको हकमा डिटेल कस्ट ईष्टीमेट।

(मन्त्रीस्तरबाट स्वीकृत मिति २०७७/०६/०२)

**५. प्रस्तावको ढाँचाः**

**क. आवेदकको संक्षिप्त परिचय**

| | |
|---|---|
| आवेदक संस्थाको नामः | ठेगानाः |
| कार्यक्रम संचालन गरिने स्थानको ठेगानाः | अध्यक्षको नामः<br>सम्पर्क नः |
| सम्पर्क व्यक्तिः<br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्याः |

ख) पूर्वाधारको अवस्था

- निर्माण स्थलको क्षेत्रफल :...............
- विद्युत र पानीको आपूर्ति कसरी गरिनेछ, उल्लेख गर्नुहोस्।

- निर्माण स्थलमा सडकको सुविधाः मुख्य सडकको नाम ................... मुख्य सडक र निर्माण स्थल जोड्ने सडक/बाटोको नाम........... र मुख्य सडकबाटको दुरी..............कि.मि. र सडक/बाटोको किसिम..............

ग) निर्माण गरिने संकलन केन्द्र/कृषि बजार स्थलमा संकलन तथा बिक्रीवितरण हुने कृषि उपज सम्बन्धि विवरण

| क्र.सं. | संकलन हुने कृषि उपजको नाम | परिमाण | उपज उत्पादन हुने क्षेत्र | संकलन हुने महिना | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

वार्षिक कारोबार परिमाण :

वार्षिक कारोबार (रकममा):

घ) संचालन हुने क्रियाकलापहरु



| क्र.सं. | क्रियाकलाप विवरण | एकाइ | परिमाण | दर | जम्मा लागत | कार्यालयको अनुदान | प्रस्तावकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| क. | लागत साझेदारीमा संचालन हुने | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ख. | आफ्नै लगानीमा संचालन हुने | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| | जम्मा | | | | | | |

( च) माग गरेको जम्मा अनुदान रकम :

(छ) अनुदानग्राहीले व्यहोर्ने रकमको स्रोतहरु :

(ज) प्रत्यक्ष लाभान्वित कृषक घरधुरीः (झ) रोजगारी सिर्जना :

(झ) व्यवसायिक योजना

- नविनतम सोच (व्यवसायसँग सम्बन्धीत कुनै नयाँ सोच/प्रविधि भए उल्लेख गर्नुहोस्)

- कृषि उपजको बजारीकरण कहाँ र कसरी गर्नुहुन्छ?

(अ) अन्य विषय केही भए उल्लेख गर्नुहोस्।